चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल
फोन नं. ०१-४३१५७६६

प.सं.: ०७९।०८०
च.नं. ३२४

मिति : २०८०।०१।०३

**छोरी बुहारी उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समिति चन्द्रागिरिको मिति २०७९।१२।२० को निर्णयानुसार चन्द्रागिरि नगरपालिका छात्रवृत्रि व्यवस्थापन कार्यविधि, २०७९ को परिच्छेद-५ ले दिएको प्रावधान अनुसार यस नगरपालिकामा स्थायी बसोबास भएका छोरी बुहारीलाई तपसिल बमोजिमका विषय क्षेत्र, समावेशी वर्ग र शैक्षिक तहका लागि छात्रवृत्ति उपलब्ध गराउन आर्थिक वर्ष २०७९।८० मा यस नगरपालिकाबाट रकम विनियोजन गरिएको हुँदा देहाय बमोजिमका कागजातहरु सहित मिति **२०८०।०१।१९** गते भित्र यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशान गरिएको छ ।

**तपसिल :**

**विषय क्षेत्र :-** १) स्वास्थ्य, २) कृषि, ३) वनविज्ञान, ४) इन्जिनियरिङ, ५) सूचना प्रविधि, ६) विज्ञान, ७) व्यवस्थापन, ८) मानविकी, ९) कानून र १०) शिक्षा

**समाबेशी वर्ग :-** १) अपाङ्गता, २) गरिव, ३) सिमान्तकृत तथा लोपोन्मुख, ४) दलित, ५) जनजाति, ६) जेहेन्दार

**शैक्षिक तह :-** १) स्नातक, २) स्नातकोत्तर, ३) एम फिल, ४) विद्यावारिधि, ५) अनुसन्धान

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः-**

१. चन्द्रागिरि नगरपालिकामा स्थायी बसोबास भएको सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात ।
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राप्त शैक्षिक योग्यताको प्रमाणित कागजातहरु ।
३. हाल नियमितरुपमा अध्ययन गरेको शिक्षण संस्थाबाट नीज विद्यार्थीले अन्य कुनै किसिमको छात्रवृत्ति नलिएको र नियमित विद्यार्थी रहेको भनी उल्लेख गरेको सक्कलै पत्र ।
४. समाबेशी वर्ग खुलेको परिचय पत्र

कर्ण बहादुर भुजाजी
अधिकृत दशौं